# कृषि तथा पशु विकास कार्यक्रमको
# वार्षिक प्रगति प्रतिवेदन
## आ.व.०७८/०७९

दिप्रुङ चुइचुम्मा गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ १ नं.प्रदेश, नेपाल

**तयार गर्ने**
सरगम बुढाथोकी
कृषि शाखा संयोजक
लक्ष्मी प्रसाद रेग्मी
कृषि प्राविधिक

**प्रमाणित गर्ने**
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## १ विषय प्रवेश

नेपालमा कृषि विकास कार्यक्रम कार्यान्वयनको संस्थागत विकासको थालनी विक्रम सम्वत १९७८ मा चारखालमा स्थापित कृषि अड्डावाट शुरु भएको पाईन्छ । सोही अनुसार आ.व २०३७/०३८ सालवाट कृषि मन्त्रालयको विधिवत शुरुवात भएको थियो वि.स २०७२ सालमा जारी गरिएको नेपालको संविधानमा देशमा संघियता लागु गरी सो को कार्यान्वयन गर्ने उदेश्य अनुरुप तिन तहको सरकारको स्थापना भई संघियता कार्यान्वयनको चरमा छ । हाल नेपालमा ७ प्रदेश ७७ जिल्ला, र ७५३ वटा स्थानीय तहहरु स्थापना भएको छ सोही क्रममा प्रदेश नं. १ मा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको औपचारीक रुपमा स्थापना भए संगै जिल्ला तहमा १ कृषि ज्ञान केन्द्र र गाउँपालिकामा १/१ वटा कृषि तथा पशु विकास शाखाको स्थापना भई सोही अनुरुप कृषक स्तरमा सेवा प्रवाह गरी रहेको छ ।  नेपालको कुल क्षेत्रफलको [१४७१८१ वर्ग कि.मी.] ०.०९२% [१३६.४८ वर्ग कि.मी.]ओगटेको ,प्रदेस नं.१ को मध्य पहाडी जिल्ला खोटाङ को दक्षीणी क्षेत्र २७ डिग्री ०७ मिनेट उत्तर ८६ डिग्री ५२ मिनेट पुर्व आक्षाश अवस्थित छ गाउँपालिकाको कुल जमिनको ५६.३६ प्रतिशत जमिन कृषि क्षेत्रले ओगट्दै आईरहेको छ भने यहाँको मुख्य पेशा कृषि रहेको छ ,समुन्द्री सतह बाट करीब १५०-२२०० मिटरको उचाइमा अवस्थित यो गाउपालिकामा ७ वटा वडा समावेश गरी गाउँपालिकाको स्थापना भएको छ ।

यस गाउपालिकाको पुर्व तर्फ खोटेहाङ गा.पा.,पश्चिम र दक्षिण तर्फ हलेसी तुवाचुङ नगरपालिका,उतर तर्फ रुपाकोट मझुवागढी नगरपालिका र पुर्व उतर तर्फ साकेला गाउपालिका अवस्थित छ  भने गाउँपालिकाले कृषि क्षेत्रमा तय गरेका ऐन नीति नियमावली रणनीति तथा कार्यनितिलाइ अवलम्वन गरी पकेट क्षेत्र तथा अन्य कार्यक्रम विस्तारका लागि गठन गरिएका कृषि तथा पशु पालन समुहहरुलाई गाउँपालिकामा दर्ता गराई उक्त समुहहरुलाई गाउँपालिका भित्र कार्यक्षेत्र बनाई कार्यक्रमको बारेमा विस्तृत अभिमुखिकरण कार्यक्रम संचालन गरी कार्यक्रमको अनुदान सहयोग सम्वन्धि निवेदन पेश गर्न आह्वन गरी प्राप्त निवेदन माथी गाउँपालिकाको पालिका स्तरिय कृषि विकास समितिको बैठकबाट सहभागितामा समुहको बनावट तथा समुह गठन भएको मिति **(महिला ,दलित,जनजाति)** ,कार्यक्रमको लागि सुहाउदो भौगोलिक अवस्था,समुहको सक्रियता,समुहले गरी रहेका गतिविधिहरु,फिल्ड अवलोकन आदिको आधारमा उपयुक्त समुह तथा व्यक्तिहरुलाई विभिन्न कार्यक्रमहरु कार्यन्वयनका लागि छनौट गरी, छनौटमा परेका समुह तथा व्यक्तिहरुले गर्नु पर्ने गतिविधि,तथा खर्च विवरण समावेस गरिएको सम्झौता पत्रमा हरेक समुह तथा निजि फार्म ,कृषि उद्यमिहरुलाई पालिका संग सम्झौता गराई अनुदान सहयोग किस्तामा भुक्तानी गरिरहेका छौ । कार्यक्रम कार्यान्वयनमा मुख्य गरी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधी,कर्मचारी विभिन्न सं-संस्था समुह,सहकारी,निजि फर्म,कम्पनी आदिको मुख्य सहभागितामा कार्यक्रम संचालन भइरहेको छ ।

## २.गाउंपालिका विवरण

| | |
|---|---|
| प्रदेश :- | १ नं.प्रदेश |
| जिल्ला :- | खोटाङ |
| पालिकाको नाम :- | दिप्रुङ चुइचुम्मा गाउपालिका |
| क्षेत्रफल :- | १३६.४७ वर्ग किलोमिटर |
| उचाई :- | २५०० मिटर सम्म |
| जलवायु :- | लेकाली समशितोष्ण |
| भू उपयोग :- | कृषि (७६.९१)वन(३८.१४) झाडी(१.७६) वालुवा(०.५६) खोलानाला तालतलैया(०.६५) र सुख्खा जमिन(०.०७) |
| साबिकका गाविसहरु :- | याम्खा,डाडागाउँ,छोरम्बु,बतासे,स-छितापोखरी,छितापोखरी,टेम्मा । |
| जम्मा जनसंख्या :- | २२३८७ (पुरुष :-११५१६,महिला:- १०८७० |
| घरपरिवार संख्या :- | ३७५२ |
| प्रमुख पेशा :- | कृषि |
| वन क्षेत्र :- | ३८.४१ (झाडी १.७६) |
| वडा संख्या :- | ७ |
| सिंचित क्षेत्रफल हे :- | १०७२२ |
| जम्मा कृषक समूहको संख्या :- | १५७ वटा |
| जम्मा वार्षिक बजेट :- | १०,५००,०००।- |
| मुख्य साझेदार संस्था र सहयोग :- | पालिका -रु ५,०००,०००। शसर्त रु ५,५००,०००। |
| यस अवधिमा खर्च भएको जम्मा रकम :- | पालिका बाट-रु ४,५००,०००। शसर्त रु ५,४१२,५१३। |

## ३.आर्थिक अवस्था :-

गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा आर्थिक विकासले योग्दान पूर्‍याइरहेको छ। गाउँपालिकाको कृषि,पशुपालन,उद्योग,पर्यटन,आयस्रोत लगायतका विषय वस्तुहरुको वस्तुगत तथा विषयगत तथ्याङक तल तालिकामा राखिएकाे छ।

## ४.कृषि पेशा सम्बन्धि विवरण :-

नेपालमा ग्रामिण अर्थतन्त्र तथा रोजगारीको अधिकांस हिस्सा कृषि तथा पशुपालनले धानेको छ । यस गाउँपालिकाको हकमा कृषि नै मुल पेशा रहेको र सबै भन्दा बढी कृषिमा ४१.८ प्रतिशत जनसंख्या आश्रित रहेको देखिन्छ।

## ५.कृषि पेशामा संलग्न जनसंख्या :-

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि | १३८९ | ९११ | ११९३ | १८६५ | १०८२ | ९२७ | १९९६ | ९३६३ | ४१.८ |
| पशुपालन | ४ | १ | ७ | ० | ६ | २ | ८ | २८ | ०.१३ |
| कुखुरापालन | ० | ६ | १ | ० | ३ | ० | ६ | १६ | ०.०७ |
| माछापालन | ० | १ | ३ | ० | ० | ० | ४ | ८ | ०.०४ |
| व्यापार | ६ | ४१ | १७ | १५ | ६३ | २८ | २६ | १९६ | ०.८८ |
| उद्योग | १ | १ | १ | १४ | १ | १ | ७ | २६ | ०.१२ |

## ६. खाद्यान्न सुरक्षाको अवस्था :-

खाद्यान्न उत्पादनको सन्दर्भमा यस गाउँपालिका भित्र आफ्नो उत्पादनले खान पुगेर बेचबिखन गर्ने घरधुरी संख्या ४६ रहेको छ । कुल घर परिवार संख्यामध्ये १५३४ परिवारलाई आफ्नो उत्पादनले ३-६महिना सम्म खान पुग्दछ भने ६३३ घरघुरी परिवारलाई आफ्नो उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने देखिन्छ ।

| विवरण/वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ महिना भन्दा कम | ५४ | ८५ | १८५ | ११० | ९० | २४ | ८५ | ६३३ | १७.३ |
| ३-६ महिना | २७४ | १७० | १४९ | ४१० | १८१ | १३४ | २१६ | १५३४ | ४२.० |
| ६-९ महिना | १४७ | ११६ | ५५ | ९४ | १५९ | ११९ | २५३ | ९४३ | २५.८ |
| ९-१२ महिना | ४५ | १२८ | ६७ | ४१ | ७७ | ९४ | १०९ | ५६१ | १४.५ |
| आफ्नो उत्पादनले पुगेर बेचबिखन गर्ने | २ | १२ | १ | २ | २ | ११ | १६ | ४६ | १.३ |
| आफ्नो कृषि उत्पादन छैन | ४ | – | १४ | २ | ३ | ३ | ९ | ३५ | १.० |
| जम्मा | ५२६ | ५११ | ४७१ | ६५९ | ५१२ | ३८५ | ६८८ | ३७५२ | १०० |

## ७.वर्तमान भू उपयोग :-

[illegible]" देखि २७° ९' ४४" अक्षांशसम्म र ८६° ४१' ५९" देखि ८६° ५३' ३५" पूर्वी देशान्तर सम्म फैलिएको यस गाउँपालिका समुद्र सतहबाट करिब ६०० देखि २५०० मिटर सम्मको उचाईमा अवस्थित छ । यस गाउँपालिकामा कृषि योग्य जमिन ७६.९१ व.कि.मि,वनले ओगटेको क्षेत्र ५२.०६ व.कि.मि,चरण क्षेत्र ४.४६ व.कि.मि,झाडी क्षेत्र १.८३ व.कि.मि,बलौटे क्षेत्र ०.५६ व.कि.मि, र खोलानाला तथा तलैयाले ०.६५ व.कि.मि, ओगटेको छ । अर्ध सितोष्ण तथा समशितोष्ण हावापानी पाईन्छ ।

| भू उपयोग सम्बन्धि विवरण | वर्ग कि.मी | भू उपयोग सम्बन्धि विवरण | वर्ग कि.मी |
|---|---|---|---|
| कृषि क्षेत्र | ७६.९१ | बाँझो क्षेत्र | ०.०७ |
| वन क्षेत्र | ५२.०६ | नदीनाला तथा पोखरी | ०.६५ |
| चरण क्षेत्र | ४.४६ | अन्य बगर तथा भीर क्षेत्र | ०.५६ |
| झाडी क्षेत्र | १.७६ | जम्मा | १३६.४७ |

## ८.कृषि तथा पशु विकास :-

कृषि तथा पशु विकास अन्तर्गत गाउँपालिकामा सिँचाई सुविधा, कृषि तथा पशुपालनको अवस्था लगायतका विषय वस्तु समावेश गरिउको छ ।

## ९.सिचाई सुविधाको उपलब्धता विवरण :-

गाउँपालिकामा विस्तार भएको सिचाईको क्षेत्रफल हाल १०७२२ हेक्टर पुगेको छ उक्त विस्तार भएको सिचाईको क्षेत्रफलले उल्लेखेनिय भुमिका निर्वाह गरेको छ ।

## १०.कृषि तर्फको उत्पादित वस्तुको विवरण :-

गाउँपालिका भित्र उत्पादन भएको कृषि वस्तुको क्षेत्रफल,उत्पालन र उत्पादकत्व सहितको गाउँपालिकाको तथ्याङ्क अनुसिची ३ मा उल्लेख गरिएको छ सो तथ्याङ्कमा खाद्यान्न बालीमा धान, गहुँ, मकै, कोदो, फापर र जौ समावेश गरिएको छ । नगदे औद्योगिक बालीमा अलैची,कपास,र उखु बालीलाई समावेश गरिएको छ भने दलहन बालीमा बोडी, सिमि, मसुरो, मास, रहर,कालो दाल, चना र राज्मा लगाएत दलहन बालीहरु त्यसै गरी मसला बालीमा अदुवा, बेसार, लसुन, प्याज, धनियाँ रहेका छन भने फलफुल बालीमा सुन्तला, कागती, निवुवा, कुनार, आँप, लिची, केरा, नास्पाती,स्‍ याउँ लगायतका सम्पुर्ण फलफुल बालीहरु रहेका छन तरकारीबालीमा टमाटर, मुला, गाजर, सलगम, भान्टा, काक्रो, फर्सी, लौका, घिरौला ,तितेकरेला, रामतोरिया, चुच्चे करेला, भिन्डी भेन्टा, काउली, बन्दा, ब्रो काउली, रायो साग लगायतका तरकारीहरु समावेश गरिएको छ अनुसुची ३ मा उल्लेखित तथ्याङ्क बाहेक अन्य क्षेत्रफल सबै बाजो रहेको छ ।

## ११.पशु तर्फको उत्पादित वस्तुको विवरण :-

गाउँपालिकामा एक मुष्ट उत्पादन हुने पशु वस्तुको संख्या,संख्याको हिसावमा उत्पादन हुने मासुको परिमाण सम्बन्धी अनुसुची ४ मा उल्लेख गरिएको छ ।

## १२.मलखाद्य :-

गाउँपालिकाको आ.व २०७८/०७९ मा रासायनिक मल युरिया,डिएपी,पोटास क्रमश,१०७,६६,२.२५ मेट्रिकटन माग गरिएकोमा उक्त रासायनिक मल नेपालमा नै आयात हुन नसकेकाले यस गाउँपालिकामा पनि आयात गर्ने कोसिस हाल आउने क्रम जारी छ ।

## १३. हाट बजार तथा दर्ता भएका समुह,फर्म र सहकारीको संख्या :-

ग्रामिण क्षेत्रमा मौद्रिक पहुँच बढाउन महत्वपुर्ण भुमिका खेलेका हाट बजार,समुह,फर्म र सहकारीले दिप्रुङ चुइँचुम्मा गाउँपालिकाको आर्थिक परिचालनमा पनि योग्दान रहेको छ । यस गाउँपालिकामा हाल तपशिल उल्लेखितका संख्यामा हाट बजार,समुह,फर्म र सहकारी रहेका छन ।

## १४.हाटबजारको संख्या :-

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| बजार | ० | ० | ० | ० | १ | ० | १ |

## १५.समुह/सहकारी तथा फर्मको संख्या :-

| क.स | समुह | सहकारी | फार्म | कैफियत |
|---|---|---|---|---|
| १ | १३२ | ५ | ६३ | |

## १६.कर्मचारीको विवरण :-

गाउँपालिकाको कृषि तथा पशु विकास शाखामा कार्यरत कृषि तथा भेटेरिनरी प्राविधिकहरुको विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।

## १७.गाउँपालिकाको कृषि तथा पशु विकास तर्फका उद्देश्यहरु :-

[illegible] चुइचुम्मा गाउँपालिकाको कृषि,पशुपन्छी विकासलाई मार्ग निर्देशन गर्न र गाउँपालिका रहेका कृषकहरुको [illegible]तामा कृषि विकासका कार्यक्रमहरु संचालन गरी कृषकको दक्षता,क्षमतामा अभिवृद्धि ल्याई गाउँपालिकाको कृषि उत्पादन व्यापक वृद्धि ल्याउनका निमित गाउँपालिकाको कृषि शाखाले सोही अनुरुप काम गर्दै आइरहेको छ ।

## १८.गाउँपालिकाका विशिष्ट उद्देश्यहरु :-

- गाउँपालिकाको कृषि पशुपन्छी व्यवसायलाई व्याँवसायीक एंव दिर्घकालिन बनाउनका निमित ।
- कृषि तथा पशु पालन क्षेत्रमा आश्रित कृषकहरुको आयआर्जन एंव हकअधिकारलाई दिगो रुपमा सुनिश्चित गर्न
- कृषि पशुपन्छी क्षेत्रमा काम गर्ने सम्पूर्ण समुह,सहकारी,निजी फर्म,कम्पनी आदिमा एकरुपता ल्याउनको निमित ।
- कृषि व्यवसायलाई भरप्रदो,विश्वासिलो मर्यादित व्यवसाय बनाउनको निमित ।
- गाउँपालिको कृषि क्षेत्रको माध्यमबाट गरिबी निवारण गर्ने ।

## १९.आवश्यकता :-

- संविधानको अनुसुची ८ मा भएको व्यवस्था बमोजिम कृषि प्रसारको व्यवस्थापन,संचालन र नियन्त्रण कृषि तथा पशु पालन,कृषि उत्पादन व्यवस्थापन,पशु स्वास्थ्य, तथा सहकारीको विकास संविधानको अनुसुची ९ का साझा अधिकार लगायतका कृषि कार्यक्रमलाई समन्वयात्मक रुपमा अघाडी बढाउन ।
- स्थानीय सरकार संचालन ऐनको परिच्छेद ३ मा व्यवस्था भए बमोजिमका कृषि तथा पशु विकास कार्यक्रमलाई कृषकहरुको आवश्यकता र माग अनुसार संचालन गर्न
- दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्न ।
- संघ तथा प्रदेश सरकारबाट संचालन हुदैं आईरहेको कृषि विकास कार्यक्रमलाई गाउँपालिकाको प्राथमिकता क्षेत्रमा जोडी गाउँपालिकाको समग्र कृषि तथा पशु विकास क्षेत्रमा योगदान पूर्याउन ।
- गाउँपालिका क्षेत्र भित्र कृषि जैविक विविधता,रैथाने बालीको संरक्षण,दिगो विकास लागि एकीकृत खेति प्रणालीमा आधारित प्राङ्गारिक खेती पशुपालन जस्ता कृषि तथा पशु विकास कार्यक्रम अधिबढाउन ।
- नेपाल सरकारले संचालन गर्दैं आईरहेको १५ औं योजना, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,कृषि विकास रणनिती, प्रदेश सरकारले संचालन गर्दैं आईरहेको आवधिक योजना लगायत कार्यान्वयनमा टेवा पूऱ्याई दिगो विकासका लक्ष्य हासिल गर्न

## २०.कार्यक्रम कार्यान्वयनको प्रक्रिया :-

गाउँपालिकाको कृषि तथा पशु तर्फको नीति निमार्ण गर्न कार्यक्रम कार्यान्वयन प्रक्रियालाई वुदागत रुपमा उल्लेख गरिएको छ ।

- गाउँपालिकाका पदाधिकारी,कर्मचारी,सरोकारवाला व्यक्ति तथा कृषक समुहका प्रतिनिधीहरु संग छलफल
- सरकार तथा सं-संस्थाका नीति नियम को अध्ययन तथा विश्लेषण ।
- प्राथमिक तथा सहायक सुचना संकलन ।
- गाउँपालिका र सरोकारवालाहरु विच छलफल तथा अन्तरक्रिया कार्यक्रम ।
- आधारभुत तथ्याङ्क संकलन एंव विश्लेषण ।
- स्थानीय श्रोत व्यक्तिबाट जानकारी संकलन ।
- गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु विच छलफल तथा गोष्ठी ।

## २१. रणनीतिहरु:-

- खाद्य तथा पोषण सुरक्षामा सुधार
- कृषि व्यापारमा सहजिकररण
- कृषि व्यवसायमा समावेशिकरण
- कृषि सामाग्रीको सुनिश्चिता
- उत्पादन र उत्पादकत्वमा अभिवृद्धि
- नाफा मुलक व्यवसायिकरण

## २२.नीति :-

- कषि ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- निर्वाहमुखी कृषिलाई दिगो एवं व्यवसायीक प्रणलीमा रुपान्तरण गरी यन्त्रीकरणको विकास गरिने छ ।
- निर्धारित पकेट क्षेत्रबाट उत्पादित कृषि उपज वस्तुहरु जस्तै (आलु,लिचि,सुन्तला,कागती) आदी उत्पादित सामाग्रीहरुलाई बजारको ग्यारेन्टी गरिने छ र स्थानीय बजारमा विक्री हुन नसकेको वस्तुहरु बाहिरी बजारमा निर्यात गाउँपालिकाको तर्फबाट गरी प्राप्त नाफाको २० प्रतिशत कृषकहरुलाई दिने व्यवस्था मिलाइने छ ।
- हरेक नागरिकको स्वास्थ्यमा जोड दिदै सन्तुलित आहारका निम्ति एक घर एक करेसाबारी निमार्ण कार्यक्रम लागु गरिनेछ ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र उत्पादन हुने चिया,टिमुर,अम्लिसो आदी उत्पादन हुने भु-भागलाई खेतिमा परिणत गरिने छ ।
- कृषिमा आधारित उद्योगहरुको विकासका लागि युवा लक्षित कार्यक्रम संचालन गरी उद्यमिहरुलाई आकर्षक गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत कृषि भएकाले कृषिमा आधारित उद्योगहरुको विकासका लागि यूवा लक्षित कार्यक्रम संचालन गरी उद्यमिहरुलाई आकर्षित गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- कृषि पेशालाई मर्यादित बनाउन कृषि उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ,यस मार्फत कृषकहरुलाई पूरस्कृत गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय कृषि मेलामा सहभागिता,अवलोकन भ्रमण तथा कृषकका उत्पादनको व्राण्डिङ गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- कृषि उद्यममा आधारित समुह लक्षित समुह,सहकारी,निजि व्यवसायीहरुलाई व्यवसायीक योजनाहरुको प्रतिस्पर्धा गराई अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका र स्वदेशमा रहेका युवाहरुको पहिचान गरी युवाहरुलाई व्यवसायीक कृषि तथा पशु पालन सम्बन्धि उद्यमशिलता तथा सिपमुलक तालिम संचालन गर्ने नीति लिईनेछ ।

- कृषकहरुको घरदैलोमा आधुनिक कृषि प्रविधि पूर्याउन हरेक वडामा कृषि प्राविधिकको व्यावस्थापन गरिसकिएकाले अगुवा कृषकहरुका लागि कृषक पाठशाला संचालन गरिनेछ ।
- बाखापालन,कुखुरापालन लगायत अन्य पशुपालन व्यवसायको आधुनिकिरण र व्यवसायीकरण गरिने छ ।
- स्थानी उन्नत जातको वीउ विजन जोगाउन कृषि सहकारी संस्था मार्फत वीउ विजन बैंक संचालनमा ल्याईनेछ ।
- गाउँपालिकामा एक वटा कोल्डस्टोरको स्थापना गरी संचालन गरिने छ ।

## २३.संभावना,अवसर र विद्यमान अवसथा :-

नेपालको संविधानले सबै नेपाली नागरिकहरुलाई खाद्य सम्प्रभुताको अधिकार प्रत्याभुती गरेको सोहि अनुसार नेपाल सरकारले खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता ऐन २०७५ जारी गरेर लागु गरिसकेको छ । भने दिगो विकास लक्ष्यले सन २०३० भित्रमा भोकमुक्त विश्व बनाउले लक्ष्य लिएको छ । नेपाल सरकार ५ वर्ष भित्र कृषि उत्पादनकत्व दोवर गर्ने प्रतिब्दता जनाएको छ,हाल नेपाल कृषिको यान्त्रिकरण,आधुनिकिरण र व्यवसायिकरण गर्ने उद्देश्यले कृषि विकास १५ वर्षे कृषि विकास रणनीति कार्यान्वयनको चरणम छ ।

गाउँपालिकाको कूल जमिनको मध्ये खेति गरेको जमिन .............. प्रतिशत ,कृषि पेशामा आवद्ध जनसंख्या ४१.८१ प्रतिशत,वर्षैभरी खान पुग्ने परिवार ५६१ रहेको छ भने गाउँपालिकाको कृषि तथा पशु विकास तर्फ प्राविधिक जनशक्ती १२,जना,कृषि हाट बजार २ वटा,कृषि उपज संकलन केन्द्र १ वटा, कोल्डस्टोर १ वटा, कृषक समुह १३२ वटा सहकारी ५ वटा, फर्म ६३ वटा कागती तथा सुन्तला जातको फलफुल नर्सरी ३ वटा रहेका छन । गाउँपालिकाको केहि वडाहरुमा खाली पाखाहरु रहेका छन उक्त पाखामा चिया,कफी,अम्लिसो,ओखरको समेत प्रसस्त संभावना रहेको छ ।

## २४.आ.व २०७८/०७९ मा कृषि तथा पशु विकास कार्यक्रमबाट प्रत्यक्ष लाभाविन्त भएका कृषकहरुको विवरण :-

| क्र.स. | कार्यक्रमको नाम | समुहको नाम | स्थान |
|---|---|---|---|
| १ | कागती पकेट विकास कार्यक्रम | सिर्जनशिल कृषक समुह | वडा नं. ७ टेम्मा |
| २ | कागती पकेट विकास कार्यक्रम( निरन्तरता) | राम्चे बहुउद्धेश्य सहकारी संस्था | वडा नं. ५ स-छितापोखरी |
| ३ | बाखा पकेट विकास कार्यक्रम | तृतिया भज्याङ कृषक समुह | वडा नं. ५ स-छितापोखरी |
| ४ | बाखा पकेट विकास कार्यक्रम( निरन्तरता) | बाखा पकेट विकास समिति | वडा नं. १ याम्खा |
| ५ | बंगुर पालन ५० प्रतिसत अनुदान कार्यक्रम | अर्जुन कुमार दमाई | वडा नं. १ याम्खा |
| | | सागर राई | वडा न.. २ डाडागाउँ |
| | | राजन राई | वडा नं. ३ छोरम्बु |
| | | चन्द्रकला विश्वकर्मा | वडा नं. ४ बतासे |
| | | तारा राई | वडा नं. ५ स-छितापोखरी |
| | | अकिराज राई | वडा नं. ६ छितापोखरी |
| | | खगेन्द्र राई | वडा नं. ७ टेम्मा |
| ६ | विपन्न तथा सिमान्त महिला किसानलाइ कृषि उधमशिलता विकासका लागि अनुदान २० प्रतिसत अनुदान कार्यक्रम | | स्थान |
| | | लक्ष्मी कुमारी राई (बाखा पालन) | वडा नं. १ याम्खा |
| | | पार्वती विश्वकर्मा (बाखा पालन) | वडा न.. २ डाडागाउँ |
| | | राम कुमारी राइ(बाखा पालन) | वडा नं. ३ छोरम्बु |
| | | पार्वती जोगी (बाखा | वडा नं. ४ बतासे |

| | | | |
|---|---|---|---|
| | | पालन) | |
| | | चित्रमायाँ खड्का (बाखा पालन) | वडा नं. ५ स-छितापोखरी |
| | | पार्वती थापा (बाखा पालन) | वडा नं. ६ छितापोखरी |
| | | पञ्जुकला राई (बाखा पालन) | वडा नं. ७ टेम्मा |
| ७ | वैदेसिक रोजगारबाट फर्केका युवालाई कृषि उधमसीलता विकास सम्वन्धि कार्यक्रम | नाम थर | स्थान |
| | | पर्शुराम राई (बाखा पालन) | वडा नं. १ याम्खा |
| | | दान बहादुर तामाङ (बाखा पालन) | वडा न.. २ डाडागाउँ |
| | | देवान राई (बाखा पालन) | वडा नं. ३ छोरम्बु |
| | | दिपेश कार्की ( बाखा पालन) | वडा नं. ४ बतासे |
| | | नबराज थापा (बाखा पालन) | वडा नं. ५ स-छितापोखरी |
| | | दिनेश खड्का (बाखा पालन) | वडा नं. ६ छितापोखरी |
| | | पदम बहादुर खत्री (बाखा पालन) | वडा नं. ७ टेम्मा |
| ८ | स्वदेशमा रहेका युवालाई उद्यमशिलता विकास कार्यक्रम । | जुवारधन राई | वडा नं. १ याम्खा |
| | | केशब बहादुर खड्का | वडा न.. २ डाडागाउँ |
| | | रणदिप बस्नेत | वडा नं. ३ छोरम्बु |
| | | राम बहादुर कटुवाल | वडा नं. ४ बतासे |
| | | टेक बहादुर खड्का | वडा नं. ५ स-छितापोखरी |
| | | बलराम कार्की | वडा नं. ६ छितापोखरी |
| | | सविन राई | वडा नं. ७ टेम्मा |

२५.आ.व २०७८/०७९ मा संचालन भएका कृषि तथा पशु विकास कार्यक्रमको विस्तृत उपलब्धि तल तालिकामा उल्लेख गरिएको छ :-

| क्र.स. | कार्यक्रमको नाम | उपलब्धीहरु |
|---|---|---|
| १ | कागती पकेट विस्तार कार्यक्रम | -टेम्माको खत्री गाउँमा १ वटा कागती उत्पादनको लागि पकेट क्षेत्र स्थापना भएको छ जसमा पकेट क्षेत्र भित्र १ वटा समुह आवद्ध भएको छ ।<br>- कागति उत्पादन प्रविधिहरुको बारेमा समुहमा आवद्ध भएका कृषकहरुलाई जानकारी दीईएको छ ।<br>- फलफुल सम्वन्धि माटोको नमुना लिने तरिका कृषकहरुलाई जानकारी प्राप्त गरेका छन ।<br>- कागती उत्पादन प्रविधि कागतीका वेर्ना रोप्ने तरिका, काटछाट, मलखादको प्रयोग, रोग कीरा नियन्त्रण गर्ने तरिका, वोडोमिश्रण, वोडोपेष्ट,वोडो पेन्ट बनाउने तरीका तथा प्रयोग गर्ने विधि, नर्सरी स्थापना तथा व्यबस्थापन कसरी गर्ने भन्ने सम्वन्धि कृषकहरुलाइ जानकारी प्राप्त भएको छ।<br>- कागती पकेटमा कागतीका विरुवा जम्मा २१०० विरुवा रोपिएका छन ।<br>- कागती पकेट क्षेत्रमा ८ वटा प्लाष्टिक पोखरी निमार्ण गरी उक्त प्लाष्टिक पोखरीबाट<br>- किसानहरु कागती खेती प्रति उत्साहीत भएका छन । |
| २ | कागती पकेट विस्तार कार्यक्रम (निरन्तरता) | -स-छितापोखरीको फुर्केछापमा १ वटा कागती उत्पादनको लागि पकेट क्षेत्र स्थापना भएको छ जसमा पकेट क्षेत्र भित्र २ वटा समुह आवद्ध भएका छन ।<br>- कागति उत्पादन प्रविधिहरुको बारेमा समुहमा आवद्ध भएका कृषकहरुलाई जानकारी दीईएको छ ।<br>- फलफुल सम्वन्धि माटोको नमुना लिने तरिका कृषकहरुलाई जानकारी प्राप्त गरेका छन ।<br>- कागती उत्पादन प्रविधि कागतीका वेर्ना रोप्ने तरिका, काटछाट, मलखादको प्रयोग, रोग कीरा नियन्त्रण गर्ने तरिका, वोडोमिश्रण, वोडोपेष्ट,वोडो पेन्ट बनाउने तरीका |

| | | |
|---|---|---|
| | | तथा प्रयोग गर्ने विधि, नर्सरी स्थापना तथा व्यवस्थापन कसरी गर्ने भन्ने सम्वन्धि कृषकहरुलाइ जानकारी प्राप्त भएको छ।<br>- कागती पकेटमा कागतीका विरुवा जम्मा २१०० विरुवा रोपिएका छन ।<br>- कागती पकेट क्षेत्रमा १ वटा प्लाष्टिक पोखरी निमार्ण गरी उक्त प्लाष्टिक पोखरीबाट<br>- किसानहरु कागती खेती प्रति उत्साहीत भएका छन । |
| | बाखा पकेट विस्तार कार्यक्रम | -तृतिया भज्ज्याङमा १ वटा बाखा पकेट स्थापना भएको छ जसमा पकेट क्षेत्र भित्र १ वटा समुह आवद्ध भएको छ ।<br>- बाखा पालन व्यावसायको बारेमा समुहमा आवद्ध भएका कृषकहरुलाई जानकारी दीईएको छ ।<br>- बाखा पालन सम्बन्धित तरिका कृषकहरुले जानकारी प्राप्त गरेका छन ।<br>- बाखा पालन तरिका,बाखा पालनको उन्नत प्रविधि,बाखामा लाग्ने रोग,माहामारी जस्ता प्रविधि कसरी गर्ने भन्ने सम्वन्धि कृषकहरुलाइ जानकारी प्राप्त भएको छ।<br>- बाखा पकेटमा बाखाका खोर जम्मा ३० निमार्ण गरिएका छन ।<br>- किसानहरु बाखा पालन प्रति उत्साहीत भएका छन । |
| | बाखा पकेट विस्तार कार्यक्रम(निरन्तरता) | - याम्खामा १ वटा बाखा पकेट स्थापना भएको छ जसमा पकेट क्षेत्र भित्र ४० घरघुरी आवद्ध भएका छन ।<br>- बाखा पालन व्यावसायको बारेमा कृषकहरुलाई जानकारी दीईएको छ ।<br>- बाखा पालन सम्वन्धित तरिका कृषकहरुले जानकारी प्राप्त गरेका छन ।<br>- बाखा पालन तरिका,बाखा पालनको उन्नत प्रविधि,बाखामा लाग्ने रोग,माहामारी जस्ता प्रविधि कसरी गर्ने भन्ने सम्वन्धि कृषकहरुलाइ जानकारी प्राप्त भएको छ।<br>- बाखा पकेटमा बाखाका खोर जम्मा ९ वडा उन्नत जातको बोयर बोका र पाठी खरिद गरिएका छन । |

| | | |
|---|---|---|
| | | - किसानहरु बाखा पालन  प्रति उत्साहीत भएका छन । |
| ५ | किसान सुचिकरण अभियान कार्यक्रम | - गाउँपालिकाको वडा नं. १ र ७ बाहेकका वडाहरुमा संचालन गरिएको किसान सुचिकरण अभियान कार्यक्रम १७६० घरघुरी सुचिकरण गरिएको छ । सुचिकृत भएका कृषकहरु सबैले प्रमाण पत्र प्राप्त गरेका छन । |
| ६ | बंगुर पालन कार्यक्रम | - ७ वटा बंगुरका खोर निर्माण गरिएको छ । |
| ७ | युवा तथा बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि उधमसीलता विकास सम्वन्धी कार्यक्रम | - ७ जना बैदेशिक रोजगार बाट फर्केका युवाहरुलाई नेपाल मै कृषि तथा पशु सम्वन्धि काम गर्ने अवसर प्रदान गरि आयआर्जन वृद्धि गर्न उद्देश्यका साथ व्यावसायिक बन्नु पर्छ भावनाको विकास गराउने उदेश्यका साथ  काम गर्न उत्प्रेरित गर्न अनुदान सहयोग गरिएको छ । |
| ८ | किवी काट्छाट सम्बन्धि २ दिने तालिम (विषय विज्ञबाट) | - वडा नं. १,वडा नं. २ र वडा नं. ६वटा वडा अर्न्तगत रहेका १८४ जना कृषकहरुलाई किवी काट्छाट सम्बन्धि प्रदान गरिएको छ । |
| ९ | वीमा सम्बन्धि २ जनचेतना मुलक तालिम (विषय विज्ञबाट) | - ७ वटै वडाहरुका जम्मा ८३ जना कृषकहरुलाई कृषि तथा पशु विमा सम्बन्धि तालिम प्रदान गरि व्यावसायिक बन्नु पर्छ भन्ने भावनाको विकाश गरिएको छ । |
| १० | रेविज रोगको भ्याक्सिन खरिद कार्यक्रम | - ७ वटै वडाहरुका कुकुरहरुलाई ८४८ भ्याक्सिन लगाई रेविज रोगको माहामारी नियन्त्रण गरिएको छ । |
| ११ | किटनासक,ढुसिनासक विषादि तथा भिटामिन खरिद कार्यक्रम | - ७ वटा वडाहरुको ३७५२ वटै घरघरमा रोग तथा किरा विरुद्धको विषादी वितरण गरी रोग तथा किरा नियन्त्रणको उपाय सिकाईएको छ । |
| १२ | अमेरिकन फौजी किराको विषादी खरिद कार्यक्रम | - ७ वटा वडाहरुको ३७५२ नै घरघरमा फौजी किरा विरुद्धको विषादी वितरण गरी किरा नियन्त्रणको उपाय सिकाईएको छ । |
| १३ | औषधी खरिद कार्यक्रम(पशु) | - ७ वटा वडाहरुको ३७५२ नै घरघरमा रोग  विरुद्धको औषधी वितरण गरी रोग नियन्त्रणको उपाय सिकाईएको छ । |

## २६. वार्षिक कार्यक्रमको, प्राथमिकता/उपलब्धि :-

| १ | विवरण | इकाई | लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १.१ | किवी काट्छाट सम्बन्धि २ दिने तालिम (विषय विज्ञबाट) | संख्या | १८४ | १८४ |
| १.२ | वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशिलता विकास कार्यक्रम(५० प्रतिशत अनुदान) | जना | ७ | ७ |
| १.३ | स्वदेशमा रहेका युवाहरुलाई उधमशिलता विकास कार्यक्रम ( ५० प्रतिशत अनुदान) | ७ | ७ | ७ |
| १.५ | वंगुर पालन कार्यक्रम (५० प्रतिशत अनुदान) | जना | ७ | ७ |
| १.६ | बीमा सम्बन्धि २ जनचेतना मुलक तालिम (विषय विज्ञबाट) | संख्या | ८३ | ८३ |
| १.७ | रासायनिक मल ढुवानी अनुदान कार्यक्रम | संख्या | ० | ० |
| १.८ | किटनासक,ढुसिनासक विषादि तथा भिटामिन खरिद कार्यक्रम | पटक | १ | १ |
| १.९ | अमेरिकन फौजी किराको विषादी खरिद कार्यक्रम | पटक | १ | १ |
| १.१० | औषधी खरिद कार्यक्रम(पशु) | संख्या | १ | १ |
| १.११ | पालिका स्तरिय कृषि विकास समितिको बैठक (वार्षिक ३ पटक) | पटक | ३ | ३ |
| १.१२ | रेविज रोगको भ्याक्सिन खरिद कार्यक्रम | पटक | ८४८ | ८४८ |
| २ | विपन्न तथा सिमान्त महिला किसानलाई कृषि उद्यमशिलता विकास कार्यक्रम २० प्रतिशत अनुदान) | वटा | ७ | ७ |
| २.१ | रेडियो, पत्रपत्रिका आदि बाट कृषि सामाग्रीको उत्पादन तथा प्रशारण | संख्या | ० | ० |
| २.२ | वार्षिक कृषि योजना तर्जुमा कार्यक्रम | संख्या | १ | १ |
| २.३ | कृषि तथा पशु प्राविधिकहरुको मासिक समिक्षा बैठक | जना | ६ | ६ |
| २.४ | सहभागिता मुलक अनुगमन तथा मुल्याङकन (पालिका तथा वडा ) | जना | २० | २० |
| २.५ | खरिद प्रकियाका लागि यातायात खर्च | ल.स. | १ | १ |

## २७.समस्या/चुनौति :-

अधिकांस कृषकहरुमा व्यवसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक,व्यवस्थापकीय तथा बजारीकरण सम्बन्धी ज्ञान,सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ । बाली संरक्षण तथा भण्डारणमा पनि उस्तै समस्या रहेको छ । भने उत्पादनका लागि मलखाद्य,वीउ,विषादीको समुचित प्रयोग हुन सकिरहेको छैन विदेशियको युवा जनशक्ति संगै गाउँपालिकाको धेरै जसो जमिन बाँझो रहन्दै आईरहेको छ । सिचाईको श्रोतलाई भरपुर उपयोगमा ल्याउन सकिरहेको छैन आवश्यक विषयगत कर्मचारी संख्या तथा प्राविधिक जनशक्तिको अभाव,नीति नियमहरु र  कार्यक्रमको तादम्यता नमिल्नाको  कारणले गर्दा कृषि प्रसार पद्धती एवं समस्टिगत कृषि सेवा प्रणालीमा प्रभाव परेको रहेको छ उपयुक्त समयमा समुहहरुको छनौट तथा निर्णय प्रकियामा ढिलाइ भएको हुदा केहि कार्यक्रमहरु बाकी रहेका छन कृषि तथा पशु सेवा शाखामा कार्यरत कृषि तथा पशु प्राविधिक कर्मचारीहरुको क्षमता विकास हुने कार्यक्रम संचालन हुन नसक्नुले सेवा प्रर्वाहमा केहि मात्रामा प्रभाव पारिरहेको छ ।

## २८.सिकाई :-

- उपयुक्त समयमा लाभान्वित कृषक समुह तथा कृषकहरुको छनौट गर्दा कार्यक्रमहरु संचालनमा सहजता भएको छ ।
- कृषकहरुलाई कार्यक्रम कार्यन्वयनमा सहभागी गराउदा कृषकहरु कार्यक्रम प्रति उत्प्रेरित भएका छन
- .कृषकहरुका मागमा आधारित कार्यक्रम तर्जुमा गरिएको हुदाँ कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका छन ।
- स्थानीय सरकार संग निर्णायात्मक अधिकार भएको हुदाँ स्थानीय आवश्यकता अनुरुप कृषि विकासको काम उच्च गति भईरहेको छ ।
- गाउँपालिकाको समान एवं समस्टिगत विकासका लागि विकेन्द्रीकरण एवं बहु पक्षिय कृषि प्रणाली अपरिहार्य छ साथै कृषि सेवा प्रणालिलाई बलियो एवं प्रभावकारी बनाउन गाउँपालिका अर्न्तगत रहेका वडा प्रतिनिधिहरु एवं प्राविधिक जनशक्तिको लागि क्षमता अभिवृद्रि संवन्धि तालिको आवश्यता देखिन्छ

# अनुसूची १

: दिप्रुङ चुईचुम्मा गाउँपालिकाको कृषि तथा पशु विकास शाखामा कार्यरत कर्मचारीको विवरण :-

| क्र.स | कार्यरत कर्मचारीको नाम | श्रेणी/तह | सेवा/समुह | कार्यरत वडा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरगम बुढाथोकी | चौथो | कृषि सेवा | गा.पा/वडा नं.१ | |
| २ | कल्पना राई | चौथो | कृषि सेवा | वडा नं.२ | |
| ३ | लक्ष्मी प्रसाद रेग्मी | चौथो | कृषि सेवा | गा.पा/वडा नं.३ | |
| ४ | कुसुम भट्टाराई | चौथो | कृषि सेवा | वडा नं.४ | |
| ५ | एल्वी मगर | चौथो | कृषि सेवा | वडा नं.६ | |
| ६ | सविना राई | चौथो | कृषि सेवा | वडा नं.७ | |
| ७ | गणेश बस्नेत | चौथो | पशु सेवा | वडा नं.१ | |
| ८ | डिल्लीराम ढुङगाना | चौथो | पशु सेवा | वडा नं.२/५ | |
| ९ | दिवश राई | चौथो | पशु सेवा | वडा नं.३ | |
| १० | सरला राई | चौथो | पशु सेवा | वडा नं.४ | |
| ११ | मनिराज मगर | चौथो | पशु सेवा | वडा नं.६ | |
| १२ | जीवन घिमिरे | चौथो | पशु सेवा | वडा नं.७ | |

## अनुसूची २:

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कृषि तथा पशु विकास कार्यक्रम तथा खर्च विवरण :-

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर, रु. | रकम, रु. | खर्च भएको रकम |
|---|---|---|---|---|---|---|
| १ | किवी काटछाट सम्बन्धि २ दिने तालिम (विषय विज्ञबाट) | ल.स. | १ | १५०००० | १५०००० | १५०००० |
| २ | वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशिलता विकास कार्यक्रम(५० प्रतिशत अनुदान) | जना | ७ | ५०००० | ३५०००० | ३५०००० |
| ३ | स्वदेशमा रहेका युवाहरुलाई उधमशिलता विकास कार्यक्रम (५० प्रतिशत अनुदान) | जना | ७ | ५०००० | ३५०००० | ३००००० |
| ४ | बोयर बोका वितरणमा अनुदान कार्यक्रम(लिलाम गरेको ४ वटाका लागि मात्र) ५० प्रतिशत अनुदान | वटा | ४ | ७५००० | ३००००० | ० |
| ५ | बंगुर पालन कार्यक्रम (५० प्रतिशत अनुदान) | वटा | ७ | ५०००० | ३५०००० | ३००००० |
| ६ | बीमा सम्बन्धि २ जनचेतना मुलक तालिम ( विषय विज्ञबाट) | पटक | १ | १००००० | १००००० | १००००० |
| ७ | रासायनिक मल ढुवानी अनुदान कार्यक्रम | पटक | १ | १०००००० | १०००००० | ० |
| ८ | किटनासक,ढुसिनासक विषादि तथा भिटामिन खरिद कार्यक्रम | पटक | १ | ६००००० | ६००००० | ६००००० |
| ९ | अमेरिकन फौजी किराको विषादी खरिद कार्यक्रम | पटक | १ | ६००००० | ६००००० | ६००००० |
| १० | औषधी खरिद कार्यक्रम(पशु) | पटक | १ | २५०००० | २५०००० | २५०००० |
| ११ | पालिका स्तरिय कृषि विकास समितिको बैठक ( वार्षिक ३ पटक) | संख्या | ३ | २०००० | ६०००० | ६०००० |
| १२ | रेबिज भ्याक्सिन कार्यक्रम | पटक | १ | १००००० | १००००० | १००००० |
| १३ | विपन्न तथा सिमान्त महिला किसानलाई कृषि उद्दमशिलता विकासका लागि अनुदान - २० प्रतिशत अनुदान) | जना | ७ | ५०००० | ३५०००० | ३००००० |
| १४ | रेडियो, पत्रपत्रिका आदि बाट कृषि सामाग्रीको उत्पादन तथा प्रशारण | ल.स. | १ | ५०००० | ५०००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | वार्षिक कृषि योजना तर्जुमा कार्यक्रम | ल. स. | १ | ३०००० | ३०००० | ३०००० |
| १६ | कृषि तथा पशु प्राविधिकहरुको मासिक समिक्षा बैठक | पटक | ६ | २०००० | १२०००० | १२०००० |
| १७ | सहभागिता मुलक अनुगमन तथा मुल्याङकन ( पालिका तथा वडा ) | ल.स. | १ | १५०००० | १५०००० | १५०००० |
| १८ | खरिद प्रकियाका लागि यातायात खर्च | ल.स. | १ | ९०००० | ९०००० | ९०००० |
| | **जम्मा** | | | | ५०००००० | ३५००००० |

अनुसूची ३:

दिपुङ चुईचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कृषि तथ्याङ्क

| क्र.स | बालीको नाम | क्षेत्रफल | उत्पादन | प्रति.हे | कैफियत |
|---|---|---|---|---|---|
| १ | चैत धान | ४८।४६ | १९५।३० | ४।०३ | |
| २ | वर्षे धान | ४८९।२४ | १५१६।६२ | ३।१० | |
| ३ | हिउँदे मकै | २०।२८ | १११।५५ | ५।५० | |
| ४ | वर्षे मकै | ३३७।३२ | १७५५।३३ | ५।५० | |
| ५ | गहुँ | १०१।२५ | २८२।४८ | ३।२६ | |
| ६ | कोदो | २५०।०७ | ७५०।२३ | ३।०० | |
| ७ | जौ | ०।५० | १।६६ | ३।३० | |
| ८ | जुनेलो | ४।२६ | १४।९५ | ३।५० | |
| ९ | फापर | २१।६८ | २६।१२ | १।२० | |
| १० | तोरी | १४१।७६ | १४१।७५ | १।०० | |
| ११ | सर्स्यु | १९।९५ | २१।९५ | १।१० | |
| १२ | रायो | ४।०२ | ४।१७ | १।०० | |
| १३ | भटमास | ११७।८६ | १४२।०९ | १।२० | |
| १४ | बदाम | १।३० | २।९६ | २।०० | |
| १५ | भुसे | ५।८२ | ७।३७ | १।३० | |
| १६ | आपँ | १८।२२ | १८२।७१ | १०।०० | |
| १७ | लिचि | २।९५ | २३।६२ | ८।०० | |
| १८ | केरा | १।२८ | १९।३६ | १५।०० | |
| १९ | मेवा | ०।१६ | ३।४३ | २०।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | रुखकटर | १।८२ | ३६।४३ | २०।०० | |
| २१ | भुईकटर | ०।१० | १९।८९ | २५।०० | |
| २२ | आरु | २९।२४ | २०४।६९ | ७।०० | |
| २३ | आल्चा/ बखडा | १८।२३ | १२७।६१ | ७।०० | |
| २४ | अमला | ५।१६ | ६९।४५ | १२।०० | |
| २५ | सखरखन्ड | १६।३७ | २१७।४२ | १२।०० | |
| २६ | करेला | ६७।२७ | १००९।२२ | १५।०० | |
| २७ | करेला(जरा) | १९।४३ | २३०।७४ | ५।०० | |
| २८ | तरुल | ३।८० | ३४।१६ | १०।०० | |
| २९ | भुई स्याउ | १०।७७ | ८९।५४ | ८।०० | |
| ३० | पिडालु | १०।३१ | १३४।९२ | १३।०० | |
| ३१ | सिमल तरुल | १।१५ | ९।२३ | ८।०० | |
| ३२ | मुला | ४८।५३ | १२२८।६४ | २८।०० | |
| ३३ | गाजर | ३।२५ | ३९।०० | १२।०० | |
| ३४ | सलगम | ०।१३ | १।३५ | १०।०० | |
| ३५ | केराउ/मटर | ८।२६ | २०१।५१ | २५।०० | |
| ३६ | खुर्सानी | ४६।०८ | १८१<br>।१४ | ४०।०० | |
| ३७ | भान्टा | २।६१ | २८।७४ | १५।०० | |
| ३८ | भेडेखुर्सानी | ०।०७ | ४०।७१ | १६।०० | |
| ३९ | लसुन | ८।९८ | ८२।६१ | ६।९० | |
| ४० | धनिया | ०।६१ | ६।२० | ११।०० | |
| ४१ | अदुवा | १।८६ | ४६।५६ | २५।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | बेसार | १।१२ | ३८।५५ | ३४।०० | |
| ४३ | मेथी | ४।४८ | ८।९३ | २।०० | |
| ४४ | प्याज गानो | ८।७३ | १७७।४१ | ३५।०० | |
| ४५ | सुन्तला | १२।४७ | १९९।५५ | १६।०० | |
| ४६ | कागती | २।४९ | १०२।०६ | ३४।५४ | |
| ४७ | निवुवा | २।७१ | २१।६९ | ८।०० | |
| ४८ | जुनार | ०।३४ | ४।८२ | १४।०० | |
| ४९ | स्याउँ | ०।४१ | ६।१४ | १०।०० | |
| ५० | किवि | २।११ | १६।९१ | ८।०० | |
| ५१ | अम्बा | ५२।३९ | ६२८।७६ | १२।०० | |
| ५२ | अनार | १।३७ | ११।२५ | ८।०० | |
| ५३ | नास्पाती | १५।८० | २३५।५४ | १५।०० | |
| ५४ | बोडी | ५६।३५ | १०४।१० | १।८५ | |
| ५५ | सिमि | ५।३८ | ७५।३२ | १४।०० | |
| ५६ | मसुरो | ६।१४ | १२।२७ | २।०० | |
| ५७ | मास | १३२।५० | १५९।०० | १।२० | |
| ५८ | रहर | ०।०३ | ०।०५ | २।०० | |
| ५९ | कालो दाल | ७९।०० | ८१।४३ | १।०० | |
| ६० | चना | ०।०१ | ०।०१ | १।४० | |
| ६१ | राज्मा | २५।०२ | ७।६६ | १।८६ | |
| ६२ | काक्रो | २३।९१ | ४४०।७१ | ३५।०० | |
| ६३ | फर्सी | ३४।४० | ७९५।७६ | ३०।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६४ | घिरौला | १।०६ | २४।४४ | २३।०० | |
| ६५ | तितेकरेला | १।७२ | ३४।६२ | २०।०० | |
| ६६ | रामतोरिया(भिन्डी) | ०।७७ | १२।३४ | १६।०० | |
| ६७ | चुचे करेला | ७।२१ | ७२।१५ | १०।०० | |
| ६८ | चिउरी भान्टा | २।५९ | १५।९२ | १०।०० | |
| ६९ | आलु | ४१।११ | ९११।११ | २३।०० | |
| ७० | काउली | ३।५४ | ८८।६५ | २५।०० | |
| ७१ | बन्दा | ४।४५ | १४३।६४ | ३५।०० | |
| ७२ | ब्रो-काउली | १।५१ | ३६।३१ | २४।०० | |
| ७३ | टमाटर | ०।४६ | ५१।३८ | ११०।०० | |
| ७४ | रायो साग | १६।७५ | ३८४।१९ | २८।०० | |
| ७५ | धनिया साग | १।७८ | ७।२८ | ४।०० | |
| ७६ | उखु | ०।०९ | ७।०३ | ७१।०० | |
| ७७ | कपास | ०।०८ | ०।५३ | ७।०० | |
| ७८ | अलैची | ४९।७३ | २६।१८ | ०।५० | |
| ७९ | रूद्राक्ष | ०।०० | ०।०० | ०।०० | |

## अनुसूची ४:

## दिप्रुङ चुईचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक पशु विकास तथ्याङ्क


| क्र.स | विवरण | संख्या (वटा) | २०७९ को | कैफियत |
|---|---|---|---|---|
| | | | विवरण | उत्पादन ( लिटर/के.जी/वटा |
| १ | गाई,गोरु,बाच्छा,बाच्छी | ५७२२ | १.दुध उत्पादन (ली) | १४१९२९ |
| २ | रांगो,भैसी,पाडा,पाडी | ३६५४ | १.१.गाई | ११३५४३।२ |
| ३ | बाखासबै | ४४९३६ | १.२.भैसी | २८३८५।८ |
| ४ | भेडासबै | १६ | १.३.याक | ० |
| ५ | सुंगुरसबै | ३०५५ | १.४.चौरी | ० |
| ६ | च्याङ्ग्रा | – | २.मासु उत्पादन (मेटन) | २५६०६० |
| ७ | कुखुराचल्ला सहित | ४०१३६ | २.१.रांगो,भैसी | ११३७५० |
| ८ | हासँ | १२० | २.२.खसी,बोका,बाखा | ३६० |
| ९ | दुधदिने गाई | ८४७ | २.३.भेडा | २५० |
| १० | फुलपार्ने कुखुरा | ७४०९ | २.४.च्याङ्ग्रा | ० |
| ११ | फुलपार्ने हासँ | ६१ | २.५.सुंगुर,बंगुर | ८७४०० |
| १२ | खरायो | १५४ | २.६.कुखुरा | ५४००० |
| १३ | घोडा | १० | २.७.हाँस | ३०० |
| १४ | याक चौरी | – | २.८.अन्य खुलाउने | ० |
| १५ | कुकुर | ८४८ | ३.अण्डा उत्पादन (हजारमा) | ५९२७२० |
| १६ | विरालो | ९५६ | ३.१.कुखुरा | ५९२५१० |
| १७ | अन्य खुलाउने | | ३.२.हाँस | २१० |
| १८ | टर्की | ६१ | ४.ऊन उत्पादन (केजी) | ० |
| १९ | परेवा | १०९२२ | ५.पशिमना उत्पादन(केजी) | ० |
| २० | बाखाफर्महरु | ६६ | ६.छाला उत्पादन(वर्ग मिटर) | ० |
| २१ | कुखुरा फर्म | ११५ | ७.छुर्पी उत्पादन (केजी) | ० |
| २२ | बंगुर फर्म | १२ | ८.अन्य उत्पादन(खुलाउने) | ० |
| | | | १.३.याक | ० |
| २३ | ग्रासकार्प | ६२ (पोखरी) | ३९ रो | ६७५० |

## अनुसूची ५ :


## दिप्रुङ चुईचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कृषि तथा पशु विकास कार्यक्रम संचालन फोटोहरु :-



चित्र नं. १ बाखा पकेट विकास कार्यक्रम ।



चित्र नं. २ बाखा पकेट विकास कार्यक्रम ।






चित्र नं. ३ बाखा पकेट विकास कार्यक्रम ।


चित्र नं. ४ बाखा पकेट विकास कार्यक्रम ।






चित्र नं. ५ वैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशिलता विकास कार्यक्रम


चित्र नं. ६ बाखा पकेट विकास कार्यक्रम (निरन्तरता)




चित्र नं. ७ बंगुर पालन कार्यक्रम




चित्र नं. ८ बंगुर पालन कार्यक्रम




चित्र नं. ९ बंगुर पालन कार्यक्रम




चित्र नं. १० वैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशिलता विकास कार्यक्रम





चित्र नं. ११ किवी खेती तालिम

चित्र नं. १२ किवी खेती तालिम





चित्र नं. १३ रासायनिक मल ढुवानी कार्यक्रम


चित्र नं. १४ रासायनिक मल ढुवानी कार्यक्रम




चित्र नं. १५ कृषि तथा पशु वीमा सम्वन्धि जनचेतना मुलक तालिम




चित्र नं. १६ कृषि तथा पशु वीमा सम्वन्धि जनचेतना मुलक तालिम




चित्र नं. १७ बैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशिलता विकास कार्यक्रम



चित्र नं. १८ च्याउको तालिम सहित विउ वितरण कार्यक्रम







चित्र नं. १८ च्याउको तालिम सहित विउ वितरण कार्यक्रम


चित्र नं. १९ राष्ट्रिय धान दिवश कार्यक्रम






चित्र नं. २० स्वदेशमा रहेका युवालाई उद्यमशिलता विकास कार्यक्रम

चित्र नं. २१ राष्ट्रिय धान दिवश कार्यक्रम



चित्र नं. २२ साना सिचाई अनुगमन





चित्र नं. २३ रेविज भ्याक्सिन कार्यक्रम



चत्र नं. २४ रेविज भ्याक्सिन कार्यक्रम



चित्र नं. २५ कृषि तथा पशु वीमा सम्बन्धि जनचेतना मुलक तालिम




नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग